आज मिति २०७७ मंसिर २४ गते बुधवारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी. ज्यूको अध्यक्षतामा दार्मा गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरूमा छलफल गरि देहायवमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति :</u>

| | |
|---|---|
| १. श्री निमबहादुर के सी | अध्यक्ष |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३.श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४.श्री कविकुमार चन्द | सदस्य |
| ५. श्री डिल्लीवहादुर के.सी. | सदस्य |
| ६. श्री सेतिराम रोकाहा | सदस्य |
| श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. श्री रामबहादुर के सी | सदस्य |
| ९. श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| १०. श्री सन्ताराम कामी | सदस्य |
| ११.श्री अमृता कामी | सदस्य |
| १२. श्री मञ्जु शाही | सदस्य |
| १३. श्री जुना मल्ल चन्द | सदस्य |
| १४. श्री देवी खत्री | सदस्य |
| १५. श्री धनीराम नेपाली | सदस्य |
| १६. श्री शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |
| १७ श्री यज्ञबहादुर बस्नेत | जनस्वास्थ्य अधिकृत |
| १८.श्री खुमबहादुर के.सी. | ना.सु. |
| १९ | |

प्रस्तावहरु

१. उद्यमीसँग उपाध्यक्ष कार्यक्रम सम्वन्धमा ।
२. मदिरा बिक्रीवितरण तथा व्यवस्थापन कार्यविधि कार्यान्वयन सम्वन्धमा ।
३. वसपार्कको नामाकरण सम्वन्धमा ।
४. पञ्जीकरण डिजिटिलाइजेसन सम्वन्धमा ।
५. उद्यम विकास समिति गठन सम्वन्धमा ।
६. उद्यम विकास अनुगमन मूल्याङ्कन समिति गठन सम्वन्धमा ।
७. औद्योगिक ग्रामको जग्गा छनौट सम्वन्धमा ।
८. आर्थिक सहायता सम्वन्धमा ।
९. उपभोक्ता हित संरक्षण समिति पुनर्गठन सम्वन्धमा ।
१०. आशा परियोजनाको लापा बनाउने सम्वन्धमा ।
११. सार्वजनिक सुनुवाइ रेडियो कार्यक्रम सम्वन्धमा ।
१२. लैङ्गिक हिंसा राहत तथा आर्थिक सहयोग सञ्चालन समिति सम्वन्धमा ।
१३. पञ्जीकरण घटना दर्ताको लागि कमप्युटर खरिद सम्वन्धमा ।
१४. दार्मा गाउँपालिका भवन तथा योजना मापदण्ड २०७२ कार्यान्वयन सम्वन्धमा ।
१५. डिपीआर सम्वन्धमा ।
१६. दान गर्न प्रस्तावित जग्गा छानविन समिति गठन सम्वन्धमा ।

निर्णयहरू

निर्णय नं. १ : प्रस्ताव नं १ "उद्यमीसँग उपाध्यक्ष कार्यक्रम सम्वन्धमा" छलफल गर्दा आर्थिक वर्ष २०७७/०७८ को यस दार्मा गाउँपालिकाको स्वीकृत कार्यक्रम उद्यमीसँग उपाध्यक्ष कार्यक्रम कार्यान्वयनका लागि उद्यमीसँग उपाध्यक्ष साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम २१ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो

निर्णय नं २ : दार्मा गाउँपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन, विक्री वितरणमा रोकथाम गर्नुका साथै मदिरा विक्री वितरण कार्यलाई व्यवस्थित र नियमन गर्न दार्मा गाउँपालिकाको मदिरा विक्रीवितरण तथा व्यवस्थापन कार्यविधि, २०७७ पारित भइ स्थानीय राजपत्रमा प्रकाशन भइसकेकोले उक्त कार्यविधिवारे जानकारीका लागि तपसिल बमोजिम अभिमुखीकरण गर्ने निर्णय गरियो ।

| क स | अभिमुखीकरण को सँग ? | कुन स्तरमा गर्ने ? | जिम्मेवारी | कार्यक्रम सञ्चालन हुने स्थान | कार्यक्रम सञ्चालन हुने मिति |
|---|---|---|---|---|---|
| १ | जनप्रतिनिधि र राजनैतिक दलका प्रतिनिधि | पालिका स्तर | गाउँपालिका कार्यालय | गाउँपालिकाको सभाहल | २०७७ मंसिर २९ गते |
| २ | कोल्ड स्टोर र होटेल व्यवसायी प्रत्येक वडाबाट बढीमा ५ जना | पालिका स्तर | गाउँपालिका कार्यालय | गाउँपालिकाको सभाहल | २०७७ मंसिर ३० गते |
| ३ | समूह, सहकारी तथा संघ | पालिका स्तर | गाउँपालिका | गाउँपालिकाको | २०७७ पुस १ |

अमृत खड्का

| | संस्थाका प्रमुख प्रतिनिधि प्रत्येक वडाबाट बढीमा ५ जना | | कार्यालय | सभाहल | गते |
|---|---|---|---|---|---|
| ४ | शिक्षा समिति र विद्यालयका प्रधानाध्यापकहरू | पालिका स्तर | शिक्षा युवा तथा खेलकुद शाखा | गाउँपालिकाको सभाहल | २०७७ पुस २ गते |
| ५ | गाउँपालिका तथा वडा कार्यालय प्रमुख तथा शाखा प्रमुख, स्वास्थ्य चौकी प्रमुख | पालिका स्तर | गाउँपालिका कार्यालय | गाउँपालिकाको सभाहल | २०७७ पुस ३ गते |
| ६ | वडाका जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधि र विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्ष, वडा र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी | वडा स्तर | वडा कार्यालय | वडा कार्यालय | २०७७ पुस ५ गते |
| ७ | वडा शिक्षा समिति र शिक्षकहरू | वडा स्तर | वडा कार्यालय | वडा कार्यालय | २०७७ पुस ६ गते |
| ८ | वडाका मदिरा विक्रेता, होटेल व्यवसायी र अन्य व्यवसायी | वडा स्तर | वडा कार्यालय | वडा कार्यालय | २०७७ पुस ७ गते |
| ९ | आमा समूह, स्वास्थ्य आमा महिला समूह, महिला स्वयंसेविका | वडा स्तर | वडा कार्यालय | वडा कार्यालय | २०७७ पुस ८ गते |
| १० | वन समूह, युवा क्लव, बाल क्लव, सहकारी लगायतका संघसस्था, रेडक्रस | वडा स्तर | वडा कार्यालय | वडा कार्यालय | २०७७ पुस ९ गते |

निर्णय नं ३ : प्रस्ताव नं ३ वसपार्कको नामाकरण सम्बन्धमा छलफल गर्दा दार्मा गाउँपालिका कार्यालयबाट वसपार्क निर्माणका लागि निशुल्क जग्गा प्रासिका लागि सार्वजनिक सूचना प्रकाशन गरेबमोजिम दार्मा ३ का कालुराम खत्रीले चार रोपनी जग्गा दार्मा गाउँपालिकालाई वसपार्क निर्माणका लागि निशुल्क प्रदान गरेको र निजको प्रस्तावअनुसार दार्मा गाउँपालिका ३ स्थित वसपार्कलाई तारादल वसपार्क नामाकरण गर्ने निर्णय गरियो

निर्णय ४ : प्रस्ताव नं ४ "औद्योगिक ग्रामका लागि जग्गा प्रासि सम्बन्धमा" छलफल गर्दा यस दार्मा गाउँपालिकामा औद्योगिक ग्राम निर्माणका लागि ४० रोपनी जग्गा आवश्यक भएकोले आवश्यक परिमाणमा दर्ता जग्गा उपलब्ध हुन नसकेमा नजिक ऐलानी सहित ४० रोपनी हुने गरी कम्तिमा ५ रोपनी दर्ता जग्गादानका लागि सूचना आह्वान गर्ने निर्णय गरियो ।

निर्णय ५ :प्रस्ताव नं. ५ "डिजिटल प्रोफाइल सम्वन्धमा" छलफल गर्दा ग्रामीण युवा सरोकार केन्द्रको प्राविधिक सहयोगमा निर्माण गरिएको चार हजार घरधुरीको तथ्याङ्क भण्डारण गर्ने क्षमता भएको निम्नानुसारको डिजिटल प्रोफाइलको सर्भर निशुल्क रूपमा प्रास गर्न गृह मन्त्रालय अन्तर्गत ~~स्वीकृत~~ राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) सिंहदरबार काठमान्डौमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

- RAM - 8 GB

अमृत खड्का
नि... प्रमुख प्रशासकीय अधिकृत

- Hard Disk - 100 GB
- VCPU : 4 core above
- Operating System : Centos
- Public IP
- Open all IP form World link for SSH
- Open Port 80,8080,8081,8082,8083,8084,8085

निर्णय नं. ६ : प्रस्ताव नं. ६ 'उद्यम विकास समिति गठन' सम्बन्धमा छलफल गर्दा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५२ बमोजिम तपसिल बमोजिमको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो :

<u>तपसिल</u>

| | |
|---|---|
| अध्यक्ष - | श्री निमवहादुर के.सी. - संयोजक |
| संयोजक आर्थिक विकास समिति - | श्री दुर्गाबहादुर मल्ल - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत - | श्री अमृत खड्का - सदस्य |
| कार्यक्रम लागू भएको वडाको महिला सदस्य | श्री अमृता रसाईली - सदस्य |
| संयोजकले तोकेको महिला उद्यमी - | श्री शान्ता शर्मा - सदस्य |
| सहकारी संस्था प्रतिनिधि | श्री सुरेन्द्रप्रकाश के.सी. - सदस्य |
| शाखा प्रमुख (फोकल पर्सन) - | श्री नेमवहादुर खत्री - सदस्य सचिव |

निर्णय नं ७ : प्रस्ताव नं. ७ 'उद्यम विकास अनुगमन मूल्याङ्कन समिति गठन सम्बन्धमा' छलफल गर्दा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ बमोजिम तपसिल बमोजिको **'उद्यम विकास मूल्याङ्कन समिति'** गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

उपाध्यक्ष - श्री टीका शर्मा ओली - संयोजक

कार्यपालिका महिला सदस्य - श्री मञ्जु शाही - सदस्य

प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी - श्री शेरप्रसाद ढकाल

संयोजकले तोकेको उद्यमी - श्री

शाखा प्रमुखले तोकेको कर्मचारी - श्री सुनिल वि.सी. - सदस्य सचिव

निर्णय नं. ८ : प्रस्ताव नं. ८ आर्थिक सहायता सम्बन्धमा छलफल गर्दा दार्मा गाउँपालिकाको आकस्मिक कोप सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ बमोजिम दार्मा गाउँपालिका ६ की मुटु रोगबाट पीडित सुनिता चन्दलाई रु.२००००। (बीस हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.९ : : प्रस्ताव नं. ९ दार्मा गाउँपालिकाका लागि स्थानीय अनुकुलन योजना लापा निर्माणका लागि रेडक्रस सोसाइटीसँगको साझेदारीमा गर्ने निर्णय गरियो ।

निर्णय १० : : प्रस्ताव नं. १० उपभोक्ता हित संरक्षण समितिमा रेडक्रस उपशाखा दार्माका संयोजक अनन्तप्रकाश शर्मालाई मनोनय गरेको निर्णय गरियो ।

अमृत खड्का
प्रमुख प्रशासकीय अधिकृत

Shagun

निर्णय नं. ११ : प्रस्ताव नं. ११ "आशा परियोजनाको लापा बनाउने सम्बन्धमा" मा छलफल गर्दा दार्मा गाउँपालिकामा संचालित आशा परियोजनाको लापा बनाउन रेडक्रसलाई जिमेमेवारी रेडक्रस सोसाइटीलाई दिने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रस्ताव नं. १२ "सार्वजनिक सुनुवाइ रेडियो कार्यक्रम सम्बन्धमा " मा छलफल गर्दा "सार्वजनिक सुनुवाइ रेडियो कार्यक्रम कार्यान्वयनको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो

निर्णय नं. १३ : प्रस्ताव नं. १३ मा छलफल गर्दा पन्जिकरण घटना दर्ता किताबको लागि वडा कार्यालयको लागि डेक्सटप कम्प्युटर प्रिन्टर स्क्यानर र डोङ्गल खरिदको लागि ६३००००। सशर्त बजेट मध्येबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) र नियम ८४ को उपनियम १ को बमोजिम खरिद विधीबाट खरिद गर्दा कम्तिमा ४५ दिन लाग्ने भएको र छिटो भन्दा छिटो पन्जिकरण घटना दर्ता डिजिटाइजेशन गर्नको लागि सार्वजनिक खरिद नपयमावली २०६४ को नियम ८५ को उपनियम १ अनुसार वडा कार्यालयको लागि डेक्सटप कम्प्युटर प्रिन्टर स्क्यानर र डोङ्गल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. १४. प्रस्ताव नं. १४ "दार्मा गाउँपालिका भवन तथा योजना मापदण्ड २०७२ कार्यान्वयन मापदण्ड सम्बन्धमा" छलफल गर्दा विधान समितिको संयोजकले पेश गरेको "दार्मा गाउँपालिका भवन तथा योजना मापदण्ड २०७२ कार्यान्वयन मापदण्ड दफावार छलफल गरि पारित गरियो ।

**निर्णय नं १५** : प्रस्ताव नं १५ "डिपीआर सम्बन्धमा" मा छलफल गर्दा दार्मा गाँउपालिका १५ शैया आधारभुत पालिका अस्पताल भवन निर्माण खर्च शिर्पकबाट तपशिल वमोजिमका योजनामा तपशिल वमोजिमका खर्च शिर्पकबाट डि पि आर गर्ने निर्णय गरियो ।

तपसिल

| स्विकृत योजना/ कार्यक्रम | योजना | बजेट |
|---|---|---|
| दार्मा गाँउपालिका १५ शैया आधारभुत पालिका अस्पताल भवन निर्माण | दार्मा गाँउपालिका १५ शैया आधारभुत पालिका अस्पताल भवन (निर्देशिकाको मापदण्ड अनुसार ) निर्माणको लागि बाँकी कामको संसोधन डिपीआर | ११,००,०००। |

निर्णय नं. १६: प्रस्ताव नं. १६ "दान गरेको जग्गा छानविन कार्यदल गठन सम्बन्धमा" छलफल गर्दा दार्मा गाउँपालिका ५ नं. वडा कार्यालयको लागि नि: शुल्क जग्गा दान गर्न इच्छुक जग्गा धनीबाट जग्गा प्रात गर्न वडा कार्यालयको मिति २०७६।०।२४ गतेको प्रकाशित सूचना बमोजिम प्राप्त खामबन्दी निवेदन अनुसार दान गर्न खोजिएको जग्गा उपयुक्त / मापदण्ड वमोजिम भएन भएको स्थलगत अध्ययन गर्न ५ नं. वडा अध्यक्ष श्री रामबहादुर के.सी. संयोजकत्वमा तपसिल अनुसारको ५ (पाँच) सदस्यीय दान गर्न प्रस्तावित जग्गा छानविन गर्न कार्यदल गठन गर्ने निर्णय गरियो ।साथै कार्यदल ल्याएको प्रतिवेदन अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

१. ५ नं. वडाध्यक्ष श्री रामबहादुर के.सी. - संयोजक
२. नेकपा दार्मा गाउँपालिका अध्यक्ष श्री असविर बुढाथोकी - सदस्य
३. नेकपा दार्मा गाउँपालिका सचिव श्री दलबहादुर दहाल - सदस्य
४. इलाका प्रहरी कार्यालय दार्माका कार्यालय प्रमुख श्री दौलतसिंहं भन्डारी - सदस्य
५. दार्मा गाउँपालिका असिस्टेन्ट सब-इन्जिनियर श्री प्रकाश खडका - सदस्य

अनुप खड्का
निमित प्रमुख प्रशासकीय अधिकृत

Shagun